"पहिचान, अपनत्व र अधिकार : दिगो विकासको आधार"

# तारकेश्वर नगरपालिका

# तारकेश्वर नगरपालिका

**TARAKESHWOR MUNICIPALITY**

## नगर कार्यपालिकाको कार्यालय

**OFFICE OF THE MUNICIPAL EXECUTIVE**

धर्मस्थली,काठमाडौं,बागमती प्रदेश,नेपाल

**DHARMASTHALI, KATHMANDU, BAGAMATI PROVINCE, NEPAL**

पत्र संख्या २०८२/०८३

चलानी नं. ६२२५

मिति (Date): २०८३/०१/०७

नेपाल सम्वत् (Nepal Sambat):११४६ बछलाथ्व तृतिया

श्री विद्यालयहरू सबै (पूर्व प्राथमिक विद्यालयहरू समेत)
तारकेश्वर नगरपालिका,धर्मस्थली, काठमाडौं।

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा।

प्रस्तुत विषयमा यस तारकेश्वर नगरपालिका नगर कार्यपालिकाको मिति २०८३/०१/०७ गते बसेको बैठकको तपसिल अनुसारका निर्णयहरू कार्यान्वयन गर्नु/गराउनुहुन अनुरोध छ।

**तपसिलः**

१) नगरपालिका अन्तर्गत सञ्चालित सबै विद्यालयहरूले मिति २०८३/०१/०९ गतेदेखि भर्ना अभियान सञ्चालन गरी २०८३/०१/१४ गतेदेखि नियमित पठनपाठन सञ्चालन गर्ने/गराउने। साथै अर्को व्यवस्था नभए सम्मको लागि आइतबारका दिन विद्यालय बन्द गर्ने र शुक्रबारका दिन ४:०० बजेसम्म नियमित पठनपाठन गर्ने/गराउने।

२) यस नगरपालिका अन्तर्गत सञ्चालति सबै संस्थागत विद्यालयहरूले नेपाल सरकार एवम् नगरपालिकाको प्रचलित ऐन, नियमावली, निर्देशिका, मापदण्ड बमोजिम देहायका शीर्षकहरूमा मात्रै शुल्क लिने।

३)

| सि.नं. | शुल्क शीर्षक | मापदण्ड |
|---|---|---|
| १ | मासिक पढाइ शुल्क | नगरपालिकाले तोके बमोजिम |
| २ | भर्ना शुल्क | एक महिनाको मासिक शुल्क बराबरको रकम विद्यालयमा अध्ययन गर्दाको अवधिभरका लागि एक पटक मात्र लिन सकिने। विद्यार्थीको रजिष्ट्रेसन, व्यक्तिगत प्रोफाइल अध्यावधिकरण, भर्ना फारम छपाइ आदि बापत। |
| ३ | वार्षिक शुल्क | दुई महिनाको मासिक शुल्क बराबरको रकम वर्षमा एकपटक मात्र लिन सकिने (खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला व्यवस्थापन, विद्यालय भवन मर्मत, पुस्तकालय र प्राथमिक उपचार बापत) |
| ४ | परीक्षा शुल्क | मासिक शुल्कको ५०% मा नबढाई वार्षिक वा किस्तामा लिनुपर्ने परीक्षा सम्बन्धी सम्पूर्ण कार्यका लागि। |
| ५ | शैक्षिक सामग्री शुल्क | मासिक शुल्कको १०% ले हुन आउने रकम बराबरको रकम वर्षमा एकपटक मात्र लिन सकिने। |
| ६ | आवास शुल्क | सम्बन्धित सेवा लिने बालबालिकाको अभिभावक भेला गराई विद्यालय र अभिभावकबीच सहमति कायम गरी तोक्नुपर्ने। |
| ७ | यातायात शुल्क | |
| ८ | खाजा शुल्क | |
| ९ | विशेष प्रशिक्षण शुल्क | जुडो, मार्शल आर्ट, पौडी, गायन, नृत्य, खेलकुद, संगीत र साहित्यिक क्रियाकलापको प्रशिक्षण तथा विभिन्न प्रकारका तालिम प्रशिक्षण बापत अभिभावक भेला गराई पारित गरी लागू गर्ने। |

पत्र संख्या २०८२/०८३

चलानी नं. ६२२५

मिति (Date): २०८३/०१/०७

नेपाल सम्वत् (Nepal Sambat):११४६ बछलाथ्व तृतिया

| |
|---|
| यस बाहेक विद्यालयले धरौटी शुल्क (पछि फिर्ता हुने गरी), कम्प्युटर शुल्क(कम्प्युटर विषय पढ्नेको लागि मात्र),शैक्षिक भ्रमण शुल्क र अन्तर विद्यालय प्रतियोगिता सञ्चालन शुल्क लिन सक्नेछ। |

४) यस नगरपालिकाको मिति २०८०/१२/३० को निर्णयानुसार शैक्षिक सत्र २०८१ का लागि कायम गरिएको तपसिल अनुसारको मासिक शुल्क नै शैक्षिक सत्र २०८३ को लागि निर्धारण गरिएकोले सोही अनुसार मासिक शुल्क लिने/दिने व्यवस्था मिलाउने।

तपसिल

क) पूर्व प्राथमिक

| कक्षा | मासिक शुल्क | कैफियत |
|---|---|---|
| प्ले ग्रुप | २,५००/- | |
| नर्सरी | २,६००/- | |
| एल.के.जी. | २,७००/- | |
| यु.के.जी. | २,८००/- | |

ख) आधारभूत तह

| कक्षा | ग वर्ग | ख वर्ग | क वर्ग | कैफियत |
|---|---|---|---|---|
| १ | २,५००/- | ३,१२५/- | ३,७५०/- | |
| २ | २,६००/- | ३,२५०/- | ३,९००/- | |
| ३ | २,७००/- | ३,३७५/- | ४,०५०/- | |
| ४ | २,८००/- | ३,५००/- | ४,२००/- | |
| ५ | २,९००/- | ३,६२५/- | ४,३५०/- | |
| ६ | ३,१००/- | ३,८७५/- | ४,६५०/- | |
| ७ | ३,२००/- | ४,०००/- | ४,८००/- | |
| ८ | ३,३००/- | ४,१२५/- | ४,९५०/- | |

ग) माध्यमिक तह

| कक्षा | ग वर्ग | ख वर्ग | क वर्ग | कैफियत |
|---|---|---|---|---|
| ९ | ४,५००/- | ५,६२५/- | ६,७५०/- | |
| १० | ४,६००/- | ५,७५०/- | ६,९००/- | |

"पहिचान, अपनत्व र अधिकार : दिगो विकासको आधार"

# तारकेश्वर नगरपालिका

तारकेश्वर नगरपालिका

**TARAKESHWOR MUNICIPALITY**

## नगर कार्यपालिकाको कार्यालय

**OFFICE OF THE MUNICIPAL EXECUTIVE**

धर्मस्थली,काठमाडौं, बागमती प्रदेश,नेपाल

**DHARMASTHALI, KATHMANDU, BAGAMATI PROVINCE, NEPAL**

पत्र संख्या २०८२/०८३

चलानी नं. ६२२५

मिति (Date): २०८३/०१/०७

नेपाल सम्वत् (Nepal Sambat):११४६ बछलाथ्व तृतिया

५) सबै विद्यालयहरूले (पूर्व प्राथमिक विद्यालय समेत) आफ्नो विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षक तथा कर्मचारीहरूको तलव भत्ता तथा अन्य सुविधा सम्बन्धित कर्मचारीहरूकै बैंक खाता मार्फत भुक्तानीको व्यवस्था अनिवार्यरुपमा मिलाउनुपर्ने।

६) सबै विद्यालयहरू (पूर्व प्राथमिक विद्यालय समेत) ले नेपाल सरकारले सञ्चालनमा ल्याएको IEMIS प्रणालीमा सम्पूर्ण विवरण यथार्थरुपमा प्रविष्टी गर्ने/गराउने व्यवस्था मिलाउने।

७) अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ बमोजिम निजी लगानीका र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयमा ऐनद्वारा निर्धारित अनुपातमा विद्यार्थीलाई अनिवार्यरूपमा छात्रवृत्ति उपलब्ध गराउने।

८) विद्यालयले विद्यालय परिसरमै वा एउटा कुनै अमूक स्टेशनरी/पसल बाट किताब, कापी, पोशाक लगायतका सामग्री किन्न अभिभावकलाई बाध्य नपार्ने।

९) विद्यालयले पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत भएका पाठ्यपुस्तक मात्रै प्रयोग गर्ने /गराउने। थप सन्दर्भ सामग्रीकारुपमा थप पाठ्यपुस्तक खरिद गर्न अभिभावकलाई बाध्य नगराउने।

१०) नगरपालिकाबाट अनुमति नलिई विद्यालय तथा थप कक्षा सञ्चालन नगर्ने/नगराउने।

११) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई अनिवार्यरुपमा नियुक्ति दिएर मात्रै कामकाजमा लगाउने।

सृजना बुलाकोटी अर्याल
कार्यबाहक नगर प्रमुख